प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १९१ ॥ २०८२ भाद्र ०६ गते शुक्रबार (22nd Aug 2025 Friday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

### जापानिज इन्सेफलाइटिस खतरनाक बन्दै

# झापाकी एक बालिकासहित १२ जनाको मृत्यु


झापा(प्रस) । गत साता क्युलेक्स जातको संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने जापानिज इन्सेफलाइटिस (जेई) भाइरसको संक्रमणका कारण चार जनाको मृत्यु भयो । जापानिज इन्सेफलाइटिसबाट तीन महिनामा ज्यान गुमाउनेको संख्या १२ पुगेको छ ।
जेईको संक्रमण नेपालका २४ जिल्लामा फैलिइसकेको पछिल्लो तथ्यांकले देखाएको छ । संक्रमतिको संख्या पनि ६३ पुगेको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका अनुसार ज्यान गुमाउनेमा सबभन्दा बढी चितवनमा ३ जना, अर्घाखाँची, मोरङ, बारा, झापा, नवलपरासी पश्चिम, कैलाली, तेह्रथुम र प्यूठानमा एक/एक जना रहेका छन् । स्वास्थ्य सेवा विभागले मृत्यु हुने एक जनाको भने जिल्ला खुलाइएको छैन ।
गत वर्ष काठमाडौं उपत्यकाका एक जनासहित २५ जनाको यो रोगबाट मृत्यु भएको थियो । ८६ जना संक्रमित भएका थिए भने सन् २००५ मा प्रकोपको रूपमा फैलिएको थियो । त्यतिबेला २ हजार जनाले ज्यान गुमाएका थिए । जेईबाट हुने संक्रमण र मृत्युको संख्या चिन्ताजनक रूपमा बढिरहेको छ । देशभरका सातै प्रदेशमा यो घातक रोगको प्रकोप देखिएको छ ।
स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार आधिकारिक रूपमा यो वर्ष ६३ जना संक्रमित फेला परेपनि वास्तविक संख्या धेरै हुनसक्छ । 'यो फैलिँदै गएको छ । संक्रमणका कारण मृत्यु हुनेमा ८ वर्षदेखि ८५ वर्षसम्मका व्यक्ति छन् । मृत्यु हुनेमा व्यक्तिमा जईसँगै निमोनिया लगायतका अन्य संक्रमण पनि देखिएको छ,' उनले भने, 'मृत्यु भएका व्यक्तिहरूले जेई विरुद्धको खोप नलिएका बढी छन् । सबभन्दा बढी मृत्यु चितवनमा भएको छ । संक्रमणको संख्या पनि त्यहाँ धेरै छ ।' जापानिज इन्सेफलाइटिसको संक्रमण फैलँदो अवस्थामा देखिएकाले संक्रमण फैलिएका स्थानमा बढी सजगता अपनाउनुपर्ने डा. गौतमको सुझाव छ । यो रोगबाट सबभन्दा बढी जोखिम बालबालिका छन् । यसलाई मध्यनजर गरेर सरकारले सन् २०१५ देखि जई विरुद्ध खोप शिशु जन्मेको १२ महिनामा नियमित रूपमा दिँदै आइरहेको छ ।
तर, स्वास्थ्य सेवा विभागको तथ्यांक अनुसार यो वर्ष मृत्यु हुनेमा १५ वर्षभन्दा माथिका उमेर समूह बढी छन् । जसले खोप नलगाएका वयस्क उच्च जोखिममा रहेको संकेत गर्छ ।
डा. गौतमका अनुसार वयस्कहरूले पनि जेईविरुद्ध खोप लगाउन मिल्छ । 'तर, आज लगाएर भोलिदेखि नै सुरक्षित हुने भन्ने होइन । खोपले काम गर्न करिब एक महिनाको समय लाग्छ,' उनले भने, 'त्यसैले अहिले लामखुट्टेको टोकाइबाट जोगिनु नै उत्तम उपाय हो ।' उनका अनुसार क्युलेक्स जातका लामखुट्टेले जई संक्रमित जनावरहरू विशेष गरेर सुँगुर र हाँसलाई टोकेपछि मान्छेलाई टोकेमा यो भाइरस सर्न सक्छ । 'सुँगुर र हाँसमा जेईको लोड धेरै हुन्छ । त्यसैले ती जनावरलाई टोकेर मान्छेलाई टोक्यो भने यो सर्छ,' उनले भने, 'तर, लामखुट्टेले टोक्दैमा सबैलाई सर्ने पनि होइन । गाउँघरमा २५० जनालाई टोक्यो भने १ जनालाई मात्रै गम्भीर खालको समस्या देखिन्छ । तर, गम्भीर संक्रमण देखिएका ३० प्रतिशत बिरामीको मृत्यु हुनसक्ने भएकाले यो निकै घातक छ ।' उनका अनुसार संक्रमित व्यक्तिलाई टोकेको लामखुट्टेले अन्य व्यक्तिलाई टोकेमा भने यो सर्दैन ।



विश्व स्वास्थ्य संगठनका अनुसार पनि यो भाइरसबाट गम्भीर संक्रमित भएका बिरामीमध्ये करिब एक तिहाइको ज्यान लिन्छ । बाँचेकामध्ये पनि आधा मानिसलाई आजीवन गम्भीर अपांगता निम्त्याउँछ ।
सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार यो रोगको कुनै निश्चित उपचार छैन । 'प्रभावित जिल्लामा खोप अभियान चलाउनु उपयुक्त हुन्छ,' उनले भने, 'जई बारे व्यापक प्रचार-प्रसार गर्न जरुरी छ ।' खोप सल्लाकार समितिका अध्यक्ष प्रा. डा. रमेशकान्त अधिकारीले तत्काल जई विरुद्धको खोप लगाउन छुटेका बालबालिकाको पहिचान गरेर ५ वर्षमुनिसम्मकालाई वितरण गर्न प्रावधान मिलाउनुपर्ने बताए । 'संक्रमितलाई राम्रो स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाउनुपर्‍यो,' उनले भने ।
गम्भीर प्रकृतिको रोग भए पनि रोकथाम गर्न न सरकारसँग वयस्कलाई लगाउन खोप उपलब्ध छ, न त लामखुट्टे नियन्त्रण गर्न बनाइएको कार्ययोजना लागू गर्न ठोस पहल भएको छ ।
लामखुट्टे नियन्त्रण गर्न जनतासँग प्रत्यक्ष जोडिएको स्थानीय तहले पनि खासै भूमिका खेल्न सकेको छैन । स्वास्थ्य सेवा विभागका अधिकारीहरूका अनुसार ५० लाख जनसंख्यालाई पुग्ने खोप खरिद गर्न करिब डेढ अर्ब रुपैयाँ आवश्यक पर्छ । तर, सरकारसँग बजेट छैन । कुनै पनि दातृनिकाय पनि सहयोग गर्ने पक्षमा छैन ।
बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले गाभी (ग्लोबल एलायन्स फर भ्याक्सिन एन्ड इम्युनाइजेसन) सँग अनुदानमा खोप उपलब्ध गराउन पत्राचार गरिसकेको बताए । 'तर, गाभीले एक पटक खोप अभियान चलाइसकेको भन्दै दोहोर्याएर चलाउन मानिरहेको छैन । हामीले अनुरोध गरिरहेका छौं,' उनले भने, 'विश्व स्वास्थ्य संगठनका अधिकारीसँग पनि रोकथाम गर्ने बारेमा छलफल भइरहेको छ ।' उनले प्रभावित क्षेत्रमा रोग नियन्त्रण गर्न खोप जरुरी भए तापनि कतैबाट प्राप्त हुने संकेत नदेखिएको बताए ।
जई मोरङ, बारा, झापा, सप्तरी, सिरहा, सर्लाही, पर्सा, नवलपरासी पूर्व/पश्चिम, सिन्धुली, बर्दिया, कैलाली, चितवन, अर्घाखाँची, तेह्रथुम, प्युठानमा फैलिएको छ । दाङ, गुल्मी, कपिलवस्तु, रौतहट, धनुषा, इलाम, जुम्ला, उदयपुरलगायत जिल्लामा पनि जेई संक्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले शिशु जन्मेको १२ महिनामा दिन जई विरुद्धको खोप ५० लाख मौज्दात रहेको र यस वर्षका लागि पर्याप्त भएको बताए । 'वयस्कहरूलाई तत्काल खोप खरिद गरेर लगाए पनि खोपले काम गर्न कम्तीमा ४-५ हप्ता लाग्छ । अहिले वयस्कलाई खोप लगाउनु भन्दा पनि 'लामखुट्टेको लार्भा खोज र नष्ट गर' अभियान चलाउनु उपयुक्त हुन्छ,' उनले भने, 'लामखुट्टे नियन्त्रण गर्ने मुख्य हतियार 'सर्च एन्ड डिस्ट्रोय' हो । यसमा सबभन्दा बढी भूमिका स्थानीय तह, टोल विकास संस्था र कृषकको हुन्छ ।' उनले सबैले आ-आफ्नो क्षेत्रबाट पहल गरेमा लामखुट्टे नियन्त्रण गर्न सकेमा जई रोग स्वतः नियन्त्रणमा आउने बताए । 'बुँगर, सुँगुर, हाँस जस्ता पशुपन्छीको फार्म सरसफाई र सुधार र यी पशुपन्छीलाई यो रोग विरुद्ध खोप लगाउन कृषि तथा पशुपन्छी मन्त्रालयले भूमिका खेल्नुपर्‍यो,' उनले भने ।
पशु सेवा विभागका निर्देशक राम नन्दन तिवारीले जई संक्रमण बढेसँगै प्रभावित जिल्लामा पशुपन्छी फार्मको स्थिति बारेमा प्राविधिकसहितको टोली पठाएर निरीक्षण भइरहेको बताए । 'फार्म सुधार गर्न प्रदेश र स्थानीय तहलाई प्रत्येक वर्ष बजेट पनि विनियोजन गर्छौं,' उनले भने, 'विशेषगरी कृषकसँग प्रत्यक्ष जोडिएको स्थानीय तहले अनुगमन गर्नुपर्छ ।'
लामखुट्टेको रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ अनुसार लामखुट्टे नियन्त्रण गर्न खाल्टाखुल्डी पुर्ने तथा फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी शहरी विकास मन्त्रालय, सडक विभाग, सम्बन्धित सडक डिभिजन कार्यालय, स्थानीय तहलाई दिइएको छ ।
लामखुट्टेको वृद्धि-विकास नियन्त्रण गर्न पानी सञ्चय गर्ने अभ्यासको सुधार गर्न स्वास्थ्य मन्त्रालय, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागलगायतलाई जिम्मेवारी बनाइएको छ ।
त्यस्तै लामखुट्टेजन्य रोगको सचेतनाका लागि घरदैलो कार्यक्रम, चोक तथा रणनीतिक स्थानमा ब्यानर तथा पोस्टर प्रदर्शन तथा माइकिङ, भूमिगत पार्किङ स्थल, निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज, कवाडीखानालगायत स्थानको निगरानी तथा नियमन गर्न स्थानीय तह, टोल विकास संस्था र अन्य सरोकारवाला निकायलाई दिइएको छ ।
सडक विभागका प्रवक्ता प्रभातकुमार झाले सडक खाल्डाखुल्डी मर्मत गर्न प्रत्येक वर्ष बजेट छुट्याएर नियमित रूपमा काम गर्दै आइरहेको बताए । 'कतिपय सडक स्थानीय सरकारअन्तर्गत पर्छ,' उनले भने, 'कहिले खानेपानी त कहिले ढल व्यवस्थापन विभागले सडक खन्ने गरेकाले खाल्डा हुने गरेको हो ।'
विश्व स्वास्थ्य संगठनका अनुसार 'क्युलेक्स' जातका लामखुट्टेको टोकाइबाट जई मानिसमा सर्छ । यो लामखुट्टे बिहान, साँझ र बेलुकी बढी सक्रिय हुने गर्छ । यो भाइरस लागेमा बेस्सरी टाउको दुख्ने, तीव्र ज्वरो, बेहोस, वान्ता हुने, घाँटी अररो (कडा), कम्पन, पक्षघात, कोमा जाने हुन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार जई संक्रमित लामखुट्टेले टोकेको ५ देखि १५ दिनभित्र लक्षण देखिन सक्छ । जई एउटा मानिसबाट अर्को मानिसमा सर्दैन । संक्रमित जनावरलाई छोएर वा पशुजन्य उत्पादन खाएर मानिसमा सर्दैन ।यो खोप एक डोज लगाएपछि जीवनभर रोगबाट बच्न सकिन्छ । सन् १९९० को दशकमा भारतमा देखिएको यो रोग नेपालमा पहिलो पटक सन् १९७८ मा रुपन्देहीमा देखिएको थियो । यो रोग जुनसुकै उमेर समूहमा देखिन सक्छ ।

## पूर्व नगर प्रमुख शिवाकोटीविरुद्ध सर्वोच्चमा रिट दायर



झापा(प्रस) । उच्च अदालतको आदेशबाट धरौटीमा रिहा भएका बिर्तामोडका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीविरुद्ध पीडित बालिकाको परिवारले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।
उच्च अदालतको आदेशप्रति चित्त नबुझाउँदै पीडित बालिकाको परिवारले गत साउन ६ गते सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् । दर्ता नम्बर ८०००८ रहेको छ । उच्च अदालतको फैसलाप्रति चित्त नबुझेपछि आफूहरु सर्वोच्चमा गएको बालिकाका एक आफन्तले जनाएका छन् ।
घरेलु कामका लागि राखिएकी बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा पुर्पक्षका लागि थुनामा रहेका पूर्व नगर प्रमुख शिवाकोटीलाई धरौटीमा छोड्न गत बैशाख २५ गते उच्च अदालतले आदेश दिएको थियो ।उच्च अदालत विराटनगरको इलाम इजलासले २० लाख रुपैयाँ धरौटी लिएर शिवाकोटीलाई छोड्न आदेश दिएको हो ।
यसअघि गत पुष २२ गते झापा जिल्ला अदालतले शिवाकोटीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । जबरजस्ती करणी गरेको आरोपमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएपनि शिवाकोटी ५ महिनादेखि बीएण्डसी अस्पतालमै रहेका थिए । त्यसअघि २४ मंसिरमा पक्राउ परेदेखि नै शिवाकोटी अस्पतालमा थिए ।
पूर्वी सीमानाका काँकडभिट्टाबाट उद्दार गरिएकी १५ वर्षीया बालिकाको बयानका आधारमा प्रहरीले शिवाकोटीलाई गत मंसिर २४ गते पक्राउ गरेको थियो । सीमामा रहेर चेलिबेटी बेचबिखनविरुद्ध काम गरिरहेको संस्था आफन्त नेपालले शंकास्पद लागेर बालिकालाई सोधपुछ गरेको थियो ।त्यसक्रममा उनले आफू विर्तामोड नगरपालिकाका पूर्व प्रमुख शिवाकोटीको घरमा बस्ने गरेको तर, पटकपटक करणी गरेपछि भागेर हिँडेको बताएकी थिइन् ।

बुबाआमा नभएकी पीडितलाई घरको काम गरिदिएवापत पढाइदिने शर्तमा शिवाकोटीले घरेलु कामदारका रूपमा राखेका थिए । घरमा रहेका बेला आफूलाई करणी गरेको पीडितको प्रारम्भिक बयान थियो । त्यसपछि इलाका प्रहरी कार्यालय बिर्तामोडले उनलाई पक्राउ गरेको थियो ।
शिवाकोटी २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट बिर्तामोड नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए ।

## प्रहरी चेकिङका कारण मोटरसाइकल चालकको मृत्यु



झापा(प्रस) । अँध्यारोमा प्रहरी चेकिङ नदेखेपछि ट्रकको पछाडि ठोक्किएर विराटनगरमा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

बिहीवार राति ८.२० बजेतिर बिराटनगर -४ दुधफारमस्थित कोशी राजमार्गमा जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी सहायक निरीक्षक रमेश भट्टराईको कमाण्डमा खटिएको चेकिङ टोलीले ट्राफिकसहित संयुक्तरुपमा चेकजाँच गरिरहेको थियो । त्यसक्रममा बिराटनगरबाट नेमुवातर्फ जाँदै गरेको प्रदेश १-०२-००१क ५१८९ नं. को मिनी ट्रकलाई रोकी चेकजाँच गरिरहेका बेला सोही दिशाबाट प्रदेश १-०२-००४६ प ६४०१ नं. को मोटरसाइकल तिव्र गतिमा आई उक्त मिनी ट्रकको पछाडी ठोक्किएको थियो । दुर्घटनामा मोटरसाइकल चालक सुनसरी बर्जु गाउँपालिका -६ बस्ने २८ वर्षीय पुष्पकुमार चौधरी गंभीर घाइते भएका थिए । उनलाई उपचारको लागि नोबेल अस्पताल बिराटनगरमा लगी डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो ।

मिनी ट्रक, मिनी ट्रक चालक मोरङ बुढीगंगा -१ बस्ने ३१ वर्षीय सन्तोषकुमार आचार्य र मोटरसाइकल जिल्ला प्रहरी कार्यालय मोरङले नियन्त्रणमा लिएको छ । अव्यवस्थित रुपमा चेकिङ गर्ने प्रहरीमाथि भने कुनै पनि कार्वाही गरिएको छैन ।

## सारीको पिङमा अल्झिएर अर्जुनधारामा बालकको मृत्यु

झापा(प्रस) । सारीको पिङ बनाएर खेल्दै गर्दा अल्झिएर अर्जुनधारामा एक बालकको मृत्यु भएको छ । शुक्रवार साँझ ४.४५ बजे अर्जुनधारा ११ पुष्पलाल चौक बस्ने नेत्रप्रसाद सिवाका छोरा १० वर्षीय प्रदीप सिवा आफ्नै घरमा सारीको पिङ बनाएर खेल्दै गर्दा अचानक झुन्डिएका थिए । सिकिस्त अवस्थामा फेला परेका उनलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको हो । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उता ओखलढुङ्गामा पनि त्यस्तै घटना भएको छ । मंगलवार बिहान ११:३० बजे ओखलढुङ्गा चिशंखुगढी गाउँपालिका .-८ पँधेरे बस्ने मेखबहादुर राईकी छोरी ३ वर्षीया मेरिका राई छिमेकीको घरमा झुन्डिएकी छन् । छिमेकी अर्जुन राईको घरमा कोही नभएको अवस्थामा घरको दलानको थाममा काँटी ठोकी झुण्ड्याई राखेको प्लाष्टिकको नाम्लोको डोरीमा मेरिका झुन्डिएकी हुन् । झुन्डेको अबस्थामा उनको आमाले फेला पारी डोरीबाट निकाली हेर्दा मृत्यु भइसकेको प्रहरीले जनाएको छ ।

## सुरुङ्गामा आगलागीमा परी घाइते वृद्धाको मृत्यु

झापा(प्रस) ।दुई साताअघि झापाको कन्काईमा ग्यास लिक भएर भएको आगलागीमा परी घाइते भएकी वृद्धाको मृत्यु भएको छ ।
शुक्रवार बिहान ८१ वर्षीया बाटुलीमाया दाहालको घरैमा मृत्यु भएको हो । बिर्तामोडको चारपानेस्थित छोराको घरमा राखिएकोमा अवस्थामा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
गत साउन २२ गते बिहान अन्दाजी ७:१५ बजे ताप्लेजुङ घर भई



कन्काई वडा नम्बर ३ सुरुङ्गा बस्ने ध्रुव श्रेष्ठको तीनतले घरको दोस्रो तलामा एउटा कोठामा डेरा गरी बस्दै आएकी दाहालले खाना पकाउने क्रममा अचानक ग्यास सिलिण्डर लिक भई आगलागी भएको थियो ।आगलागीबाट उनको शरीरको बिभिन्न भाग डढेको थियो ।

उनलाई कनकाई नगर अस्पताल सुरुङ्गामा सामान्य उपचारपश्चात् थप उपचारको लागि काठमाण्डौ लगिएको थियो । त्यहाँ उपचार गराएर उनलाई घर ल्याइएको थियो ।

# टीपीएससम्बन्धी ट्रम्प प्रशासनको पक्षमा अदालतको आदेश



झापा(प्रस) ।अमेरिकाको एक संघीय अदालतले आप्रवासीको अस्थायी सुरक्षा स्थिति (टीपीएस) सम्बन्धी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको पक्षमा आदेश जारी गरेको छ। यो आदेशसँगै करिब सात हजार नेपालीको टीपीएस अन्त्य गरी निष्कासनको बाटो ट्रम्प प्रशासनलाई खुलेको छ।

अमेरिकाको सान फ्रान्सिस्कोस्थित नवौं सर्किट अपिल अदालतले नेपालका सात हजारसहित मध्य अमेरिकाबाट आएका ६० हजार आप्रवासीको अस्थायी संरक्षण कायम राख्न दिएको तल्लो अदालतको आदेशलाई रोक लगाउँदै ट्रम्प प्रशासनलाई घर पठाउने बाटो खोलिदिएको हो।

अब अगस्ट ५ मा म्याद समाप्त भएका करिब सात हजार नेपाली घर फर्किनेछन्। यस्तै होन्डुरसका ५१ हजार र निकारागुवाका तीन हजार जनाको सेप्टेम्बर ८ मा टीपीएस समाप्त हुँदैछ। अब उनीहरू निष्कासनमा पर्नेछन्।

यसअघि यस कार्यमा तल्लो अदालतले रोक लगाएको थियो। ट्रम्प प्रशासनले होन्डुरस, निकारागुवा र नेपालका लागि टीपीएस प्राप्त गरेकाले गैरकानुनी रूपमा कार्य गरेको दाबी गर्दै अपील दायर गरेपछि नवौं सर्किट अपिल अदालतले तल्लो अदालतको आदेशमा रोक लगाएका हो। टीपीएस होमल्यान्ड सेक्युरिटी सचिवले दिने मान्यता हो। यसले आप्रवासीलाई निष्कासनबाट जोगाउँछ र कानुनीरूपमा काम गर्न अनुमति दिन्छ। ट्रम्प प्रशासनले सुरक्षामा ध्यान दिँदै निष्कासनयोग्य आप्रवासीको संख्या घटाउने प्रयास गर्दै आएको छ।

# राउटे समुदायका ज्येष्ठ सदस्य शाहीको निधन



झापा(प्रस) । राउटे समुदायका ज्येष्ठ सदस्य ७५ वर्षीय नन्दाराम शाहीको हृदयघातका कारण निधन भएको छ । केही समयअघि सुर्खेतको वीरेन्द्रनगर-११ चन्दनपुरबाट बसाइँ सरेर लेकबेंसी नगरपालिका-१० झुप्राखोला बसोबास गरिरहेका शाहीको बिहीबार बिहान ९:३०बजे निधन भएको राउटे समुदायमा कार्यरत लालबहादुर खत्रीले जानकारी दिए ।
फिरन्ते जीवनयापन गर्दै आएका राउटेहरू हाल झुप्रा खोला जंगलमा बस्दै आएका छन् । शाहीको निधनपछि राउटे समुदायको संख्या १ सय ३५ रहेको छ ।

# प्याब्सनको आन्दोलनका थप कार्यक्रम सार्वजनिक




झापा(प्रस) । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरेको छ ।
प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट विद्यालय शिक्षा विधेयक पारित भएसंगै प्याब्सनले थप आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो । विधेयकमा केही बुँदा संशोधनको मागसहित प्याब्सन आन्दोलित थियो ।
विधेयकमा निजी विद्यालयलाई गैर नाफामूलक बनाउने विषयमा विवाद छ । विद्यालय सञ्चालकहरुले कम्पनी ऐन अन्तर्गत दर्ता भएका विद्यालयलाई गैर नाफामूलक बनाउने भन्ने व्यवस्था हटाउनु पर्ने, पूर्ण छात्रवृत्तिबाट पोशाक, स्टेशनरी, शैक्षिक सामग्री र खाजा उपलब्ध गराइनु पर्ने, छात्रवृत्ति सम्बन्धी अधिकार स्थानीय तहलाई दिने भन्ने व्यवस्था हटाएर विद्यालयलाई दिने भन्ने व्यवस्था हटाएर विद्यालयलाई नै दिनु पर्ने माग राखेका छन् । यद्पि विधेयक भने प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट विद्यालय शिक्षा विधेयक पारित भएको छ ।
विधेयक पारित भएसंगै प्याब्सनले आन्दोलनलाई थप सशक्त बनाएको हो । प्याब्सन केन्द्रीय कार्य समितिको निर्णय अनुसार प्याब्सन झापाले समेत आन्दोलनकाकार्यक्रम सार्वजनिक गरेको छ । जसअन्तर्गत भदौ ६ गते विद्यालय सञ्चालनपश्चात् यातायातका साधन लिएर पालिका घेराउ गर्ने,कालो झण्डा प्रदर्शन गर्ने, केही दुरीसम्म शान्तिपूर्ण रुपमा आन्दोलन गर्ने कार्यक्रम तय भएको प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए । उनका अनुसार सबै पालिकामा केन्द्रीय निर्देशन अनुसार कार्यक्रम गरिने छ। झापाको बिर्तामोडस्थित सैनिकमोड विराटपोखर लाइनमा विद्यालयका सवारी साधनहरुमा व्यानर र कालो झण्डा राखी सवारी साधन सडकमा निकालेर नगर परिक्रमा गर्ने कार्यक्रम छ ।

अर्जुनधारामा शनिश्चरे बजारबाट ऱ्याली निकालेर नगरपालिका पुग्ने कार्यक्रम छ । वाह्रदशीमा भ्यू टावरबाट राजगढसम्म पुग्ने र पालिका आउने कार्यक्रम छ । कनकाईमा सुरुङ्गाबाट नगरपालिकासम्म आउने कार्यक्रम तय भएको प्याब्सन झापाका सचिव उप्रेतीले बताए ।

यसअघि प्याब्सन एन प्याब्सन र हिसानले साउन २९ गतेदेखि निरन्तर आन्दोलन गर्दै आएका छन् । २९ गते पालिका प्रमुखलाई ज्ञापनपत्र, ३० गते प्रजिअ र शिक्षा विकास समन्वय इकाईका प्रमुखलाई ज्ञापनपत्र बुझाएका थिए । त्यस्तै राष्ट्रिय सभा सदस्य र प्रतिनिधि सभा सदस्यलाई समेत ज्ञापनपत्र बुझाएका थिए ।

# सञ्चालक तथा प्रिन्सिपलहरूको विरोध प्रदर्शन

झापा(प्रस) । विद्यालय शिक्षा विधेयकको प्रतिवेदनमा आफूहरूका माग समावेश नगरिएको भन्दै निजी विद्यालयका सञ्चालक तथा प्रिन्सिपलहरूले शुक्रवार माइतीघरमा विरोध प्रदर्शन गरेका छन् ।
उनीहरूले माइतीघर मण्डलामा ब्यानरसहित प्रदर्शन गरेका हुन्। ऱ्याली माइतीघरदेखि सुरु भई नयाँ बानेश्वर चोकसम्म पुगेर पुनः माइतीघर मण्डलामा फर्किएको थियो ।
निजी विद्यालय सञ्चालक संस्थाले ५ बुँदे माग अघि सार्दै आन्दोलनमा उत्रिएका हुन् । उनीहरूले आफूहरूको अस्तित्व र योगदानलाई उपेक्षा गर्ने गरी विधेयकमा अव्यवहारिक र अन्यायपूर्ण प्रावधान राखिएको दाबी गर्दै तिनको खारेजी तथा संशोधनको माग गरेका छन्।
५ बुँदे मागको पहिलो बुँदामा पूर्ण छात्रवृत्ति भन्ने शब्द हटाइनु पर्ने माग गरिएको छ । यसैगरी विद्यालयमा उत्पादन नहुने पोशाक, स्टेशनरी, शैक्षिक सामग्री, खाजा जस्ता वस्तु उपलब्ध गराउनुपर्ने प्रावधान खारेज गर्नुपर्ने, कम्पनी ऐनअनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयलाई गैर नाफामूलक बनाउँदै लगिने प्रावधान हटाइनु पर्ने माग गरिएको छ ।

यस्तै छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमै रहनुपर्ने, तर पालिका प्रतिनिधिको सहभागितामा पारदर्शी समिति बनाएर वितरण गर्न सकिने व्यवस्था गर्नुपर्ने, ४५ प्रतिशत आरक्षणसहितको प्रावधान खारेज गर्नुपर्ने निजी विद्यालय सञ्चालकहरूको माग छ ।

# हेर्न आएका छिमेकीलाई विरामीद्वारा हतियार प्रहार

झापा(प्रस) । पाँचथरमा घरमा हेर्न आएका छिमेकीलाई विरामीले हतियार प्रहार गरी घाइते बनाएका छन् । बिहीवार राति ८.३० बजे पाँचथर फालेलुङ गाउँपालिका ६ दबैपानी बस्ने ४७ वर्षीय धनप्रसाद राईले आफूलाई हेर्न आएका छिमेकीलाई हतियार प्रहार गरेका हुन् । पहिले अत्यधिक मादक पदार्थ सेवन गर्ने गरेका राईलाई मादक पदार्थ सेवनबाट छुटाएपछि उनी बिरामी भई घरमा बसेका थिए । उनलाई हेर्न छिमेकी ४७ वर्षीय रामप्रकाश राई आएका थिए । धनप्रसादले अचानक धारिलो हतियारले रामप्रकाशको टाउकोमा प्रहार गरी घाइते बनाएका हुन् । उनलाई स्थानीय मेडिकलमा लगिएको थियो । विरामी र हतियार प्रहारबाट घाइते दुवै जनालाई उपचारको लागि जिल्ला अस्पताल फिदिमतर्फ ल्याउँदै गरेको प्रहरीले जनाएको छ ।

# सारेगमप लिटल च्याम्प्समा संस्कारलाई जिताउन अपिल



झापा(प्रस) । नेपालको चर्चित गायन रियालिटी शो सारेगमप लिटल च्याम्प्स सिजन २ को टप ८ मा पर्न सफल बिर्तामोड ५ का संस्कार सापकोटालाई जिताउन अभियान संचालन गरिएको छ । व्यवसायी भरत सापकोटा र रत्नाकुमारी ओझा सापकोटाका छोरा संस्कारलाई जिताउन विभिन्न संघ संस्था , उद्योगी व्यवसायी , शुभेच्छुक , सर्वसाधारण लागिपरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा सबैको सहयोगले ३५ हजार प्रतिष्पर्धीलाई उछिन्दै संस्कार टप ८ मा पुग्न सफल भएको बताउँदै अझ धेरै सहयोग गरेर उनलाई उपाधि विजेता बनाउन आव्हान गरिएको छ । संस्कारका पिता भरत सापकोटा र माता रत्नाकुमारी ओझा सापकोटाले आफ्ना छोरालाई विजयी गराउन भोटको आवश्यक रहेकाले अत्यधिक भोट गरिदिन आग्रह गरेका छन् ।

बिर्तामोडस्थित सप्तक संगीतालयमा संगीत सिकेका संस्कार बिर्तामोडस्थित न्यूटन्स एजुकेशन एकाडेमीमा कक्षा ८ मा अध्ययनरत छन् । उनी पहिलो न्यूटन्स आइडल बनेका थिए भने बिर्तामोड नगर स्तरीय तबला प्रतियोगितामा विजेता बनेका थिए। सानैदेखि तबला बजाउँदै आएका संस्कारमा संभावना देखेर गायनमा प्रवेश गराएको सप्तक संगीतालयका संस्थापक तथा न्यूटन्स एजुकेशन एकाडेमीका संगीत शिक्षक कुशल पौडेलले बताए । उनले सबैजना मिलेर संस्कारलाई उपाधिसम्म पुर्याउन आग्रह गरेका छन् । संस्कारलाई भोट गर्न बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले पनि सबै व्यवसायीहरुलाई आग्रह गरेका छन् ।
उनलाई नेपालभित्र रहनेले खल्ती एपमार्फत पजबतिष दथ क्ष्भ मार्फत भोट गर्न सकिने छ भने नेपाल बाहिर रहनेहरुले पजबतिषअक वेवसाइडमार्फत गर्न सकिने साथै आर्थिक सहयोग गरेर पनि उनलाई भोट गर्न सकिने संस्कारकी आमा रत्नाकुमारीले बताइन् । संस्कारलाई अहिलेसम्म न्यूटन्स स्कूल, प्रणामी समुदाय, मारवाडी समुदाय, व्यवसायी, लगायतको साथ रहेको बताइएको छ ।

कार्यक्रममा विभिन्न धार्मिक तथा सामाजिक व्यक्तित्वहरुको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन सप्तक संगीतालयकी सञ्चालक आकृति खतिवडाले गरेकी थिइन् ।


## पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेड
**विर्तामोड झापाको**

## साधारण सभा सम्बन्धी सूचना

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेड, विर्तामोड झापाको संचालक समितिको मिति २०८२ श्रावण २७ गतेको निर्णयानुसार संस्थाको १३ औं साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उक्त साधारण सभामा आफैं अनिवार्य उपस्थित भइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
साधारण सभाको कार्यसूची निम्नानुसार छ ।

- संस्थाको संस्थागत प्रतिवेदनमाथि छलफल ।
- संस्थाको लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदनमाथि छलफल ।
- आ.ब. २०८१/०८२ को संस्थाको लेखा परीक्षण प्रतिबेदनमाथि छलफल ।
- संस्थाको आ.ब २०८१/०८२. को यथार्थ र आ.ब. २०८२/०८३ को अनुमानित बजेटको सम्बन्धमा छलफल ।
- आ.ब.२०८२/०८३ को लागि संस्थाको लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा ।
- संस्थाको भवन निर्माण र भवन निर्माण कोषको सम्बन्धमा ।

**साधारण सभाको कार्यक्रम**

- मितिः- २०८२/०६/०४ गते शनिवार
- समय :- विहान १० बजेदेखि
- स्थान :- सिटी सेन्टर, विर्तामोड, झापा


# चिसाङ खोलाले बगाएर लेटाङका दुईजनाको मृत्यु



झापा(प्रस) । लेटाङमा चिसाङ खोलाले बगाउँदा दुईजनाको मृत्यु भएको छ ।
लेटाङ-१ अँधेरी अमलबोटेका ७० वर्षीय वुद्धवीर तामाङ र लेटाङ-२ का ५५ वर्षीय टिंके तामाङलाई चिसाङ खोलाले बगाएको हो ।
बिहीवार साँझ करिब ५ बजेतिर लेटाङ-१ बगुवाबाट खोला तर्ने क्रममा उनीहरूलाई खोलाले बगाएको स्थानीयको भनाइ छ। खोलाले बगाएपछि लामिटार क्षेत्रमा शव फेला परेको स्थानीयले जनाएका छन् ।
शवलाई पोस्टमार्टमका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको इलाका प्रहरी कार्यालय लेटाङका प्रमुख इन्स्पेक्टर राकेश रेग्मीले जानकारी दिए ।
सो क्षेत्रमा पुल नहुँदा जोखिम बढेको भन्दै स्थानीयले पटक पटक पुलको माग गर्दै आएका छन्।


## सहारा साकोस शिक्षा सदन
**मुल कार्यालय,बिर्तामोड-२, चारपाने**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०६**

यस सहारा साकोस शिक्षा सदनको,झापा जिल्ला,बिर्तामोड न.पा. वडा नं.-२, चारपानेस्थित चारपाने- शनिश्चरे रोडको पश्चिमतर्फ रहेको स्कुलको चौरमा ब्लक बिछ्याउनको लागि इच्छुक ब्यक्ति/फर्म/कम्पनी/सप्लायर्सबाट ७ दिनभित्र कार्यालय समयमा आवश्यक कागजहरु संलग्न राखि शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।
ब्लक बिछ्याउने स्थानको अनुमानित क्षेत्रफल र अन्य विवरण :
१) क्षेत्रफल : ८३ x ८४ फिट
२ ब्लकको मोटाई : ६० एम.एम.
३) भारबहन क्षमता : २५ टन.

**शर्तहरु :**
१) बोलपत्र र खामको बाहिरी भागमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।
२) फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३) बोलपत्रमा फर्मको ब्यवसाय प्रमाण–पत्र प्रतिलिपी, कर चुक्ता प्रमाण–पत्र प्रतिलिपी, मूल्य अभिवृद्धि कर प्रमाण–पत्रको प्रतिलिपी,
तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।
४) बोलपत्र स्वीकृती भएपछि भ्याट बिलको रकममा १.५ प्रतिशत ठेक्का कर कट्टा गरि बाँकी रकम मात्र फर्मलाई भुक्तानी गरिनेछ ।
५) बोलपत्र लिनको लागि रु १०००/- बोलपत्र दस्तुर लाग्नेछ, सो रकम सहारा साकोस शिक्षा सदनको कोड नं.३०१.५२०००.०१.०१ खाता नं. ३०१.५२०००.०१.०१.एसबि .०१ मा जम्मा गरि भौचर उपलब्ध गराउनु पर्नेछ ।
६) प्रतिस्पर्धाबाट छनौट भएको फर्म/कम्पनीले काम शुरु गर्नुभन्दा अगाडी ५ प्रतिशत धरौटी रकम राख्नु पर्नेछ । उक्त धरौटी रकम कार्य सम्पन्न भएको ६ महिनापश्चात् गरेको कार्यको कुनै कैफियत नआएमा फिर्ता गरिनेछ ।
७) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।
८) एक पटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।
९) फर्मले संस्थालाई गुणस्तरीय सामानहरु उपलब्ध गराउनु पर्नेछ ।
१०) बोलपत्र स्वीकृत गर्ने/ नगर्ने, रद्द गर्ने र स्थगन गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
(नोटः मिति २०८२/०४/३० गते प्रकाशित गरेको सूचना अनुसार फर्महरुले पेश गरेको बोलपत्रहरुमा यस सूचनामा उल्लेख गरिएका कागजातहरु नभएकोले उक्त बोलपत्रहरु रद्द गरिएको छ । बोलपत्र पेश गर्ने फर्म/कम्पनीले पेश गरेको बोलपत्र फिर्ता लिगि पुनः बोलपत्र पेश गर्नु पर्नेछ । )
पुनश्चः२०८२/५/५ गते सहारा साकोस शिक्षा सदनको सूचना प्रकाशित गर्नुपर्नेमा अर्को सूचना प्रकाशित भएकोमा सच्याई पुनः प्रकाशित गरिएको छ ।

**सहारा साकोस शिक्षा सदन**
**मुल कार्यालय,बिर्तामोड-२, चारपाने**
**मो.न. ९८०१९२०५२२**





## सम्पादकीय

# राउटेलाई जोगाऊ

**राउटे समुदायका ज्येष्ठ सदस्य ७५ वर्षीय नन्दाराम शाहीको हृदयघातका कारण निधन भएको छ ।**

**केही समयअघि सुर्खेतको वीरेन्द्रनगर–११ चन्दनपुरबाट बसाइँ सरेर लेकबेंसी नगरपालिका–१० भुप्राखोला बसोबास गरिरहेका शाहीको बिहीबार बिहान ९:३०बजे निधन भएको राउटे समुदायमा कार्यरत लालबहादुर खत्रीले जानकारी दिए । राउटेहरू लोपोन्मुख आदिवासी हुन् । खस आर्य समुदायका पिछडिएको यो जातिले कर्णाली प्रदेशका पहाडी जिल्लामा फिरन्ते जीवन बिताउँदै आएको छ । उनीहरू खस भाषा बोल्छन्, हिन्दु धर्म मान्छन् । नेपाली भाषा पनि राम्रोसँग बोल्न र बुझ्न सक्छन् । स्थायी बसोबास र खेतीपाती नगर्ने राउटे बाँदर तथा अन्य जङ्गली जनावरको सिकार गर्ने र कन्दमूल, फलफूल, अन्नपात र अन्य वनस्पति खाएर जीविका चलाउने गर्छन् । उनीहरू पानी नजिक भएको पहाडी जङ्गल र समथर जमिनमा बस्न रुचाउँछन् । उनीहरू मुख्य रूपले सल्यान, सुर्खेत, जाजरकोट र दैलेखका जङ्गली क्षेत्रमा विचरण गर्छन् । फिरन्ते जीवनशैली भएका राउटे विभिन्न जङ्गलमा बसाइँ सर्दै बस्ने गर्छन् । उनीहरू परम्परागत काठका कोसी, मदुस, आरीलगायतका सामग्री बनाई अन्नपातसँग साटेर जीविका गर्छन् ।**

**दिनभर काठका सामग्री निर्माण गर्नु, बाँदरको सिकार गर्नु, माग्नका लागि नजिकका गाउँमा पुग्नु उनीहरूको दिनचर्या हो । कर वा तिरो तिरेर, खेतीपाती गरेर, गाउँमा बस्नु र अर्काको सित्तैमा खानुलाई अपराध सम्झन्छन् । बाटो लागेपछि पछाडि फर्केर खोला वा तालको पानी खाँदैनन्, मूलको पानी मात्र खान्छन् । सम्पत्तिका रूपमा यिनीहरूसँग पकाउने भाँडा, दाउरा काट्ने र सिकार गर्ने केही हतियार मात्र हुन्छ । बसेको ठाउँमा कुनै सदस्यको मृत्यु भएमा तत्काल त्यो ठाउँ छाड्नुपर्ने राउटेको चलन छ । यसले गर्दा उनीहरू एकै ठाउँ बस्न सक्दैनन् । सदस्य मर्नेबित्तिकै त्यस ठाउँलाई अशुभ ठानेर उनीहरू नयाँ ठाउँको खोजीमा हिँड्छन् । त्यस्तै बसेको ठाउँमा असुरक्षा महसुस भयो भने पनि उनीहरू बसाइँ सर्छन् ।**

**राउटेहरूको हक, अधिकारको रक्षा तथा सुरक्षा प्रदान गर्न सरकारीस्तरमा विभिन्न प्रयास हुँदै आएको छ । अहिले कर्णाली प्रदेश सरकारले 'राउटे कोरिडोर' बनाउने योजना बनाएको छ । बर्सौंदेखि राउटे बस्दै आएका मुख्य स्थान पहिचान गरेर उनीहरूलाई अस्थायी रूपमै आवास, शिक्षा, स्वास्थ्य, सुरक्षालगायतको सेवा प्रदान गर्न 'राउटे कोरिडोर' बनाउन लागिएको हो । अहिले राउटे समुदाय सुर्खेतको लेकबेँसी नगरपालिका–१० को भुप्राखोलामा बस्दै आएको छ । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले चालु आर्थिक वर्षमा राउटे हिँडडुल गर्ने क्षेत्रलाई राउटे कोरिडोर बनाउने तयारी गरेको छ ।**

# योजना र समृद्धिको मार्गचित्र



• डा. प्रकाशकुमार श्रेष्ठ

योजनाबद्ध विकासको सबैभन्दा बलियो र सङ्गठित मोडल सोभियत संघबाट सुरु भएको मानिन्छ । सन् १९२८ मा सोभियत संघले पहिलो पञ्चवर्षीय योजना लागु गऱ्यो । यसको मुख्य उद्देश्य देशलाई तीव्र गतिमा औद्योगिकीकरण गर्नु र कृषि क्षेत्रलाई सामूहिकीकरण गर्नु थियो । यसैबाट प्रेरित भएर चीन, पूर्वी युरोपका धेरै देशलगायत अन्य समाजवादी र साम्यवादी राष्ट्रहरूले पनि योजनाको मोडल अपनाए । सन् १९५१ मा भारतले योजना आयोग स्थापना गरी पहिलो पञ्चवर्षीय योजना लागु गऱ्यो । त्यस्तै चीनले सन् १९५३ देखि योजनाबद्ध विकास सुरु गऱ्यो ।

विसं २०१३ मा योजनाबद्धको विकासको प्रयास हुँदा नेपालमा राणाशासन समाप्त भई राजतन्त्रसहितको बहुदलीय व्यवस्था थियो । तत्पश्चात् २०१७ साल निर्दलीय पञ्चायती व्यवस्था सुरुवात भयो । २०४७ साल पुनः संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था, २०६५ मा गणतन्त्र र २०७२ पछि संघीय गणतान्त्रिक राजनीतिक व्यवस्था छ । नेपालमा राजनीतिक परिवर्तन छिटो छिटो भए पनि योजनाबद्ध विकासको कार्यले भने निरन्तरता पाएको छ । अझ अहिले सात वटै प्रदेशमा प्रदेश (नीति तथा) योजना आयोग रहेका छन्, जसले प्रादेशिक स्तरका योजना तर्जुमा गर्न थालेका छन् । अहिले एकै पटक सात वटा प्रादेशिक योजना र एउटा केन्द्रीय योजना कार्यान्वयनमा छ । नेपालको आर्थिक वृद्धिदर औसतमा चार प्रतिशतको आसपासमा मात्र छ ।

१९६० देखि २०२४ सम्मको अवधिमा नेपालको औसत आर्थिक वृद्धिदर ३.८ प्रतिशत, भारतको ५.२ प्रतिशत, चीनको ७.९ प्रतिशत र दक्षिण कोरियाको ७.० प्रतिशत कायम रह्यो । आर्थिक वृद्धिदर मात्र होइन अन्य विकासका सूचकमा पनि नेपाल यी देशभन्दा धेरै पछाडि छ । विगतका पन्ध्र वटा योजनालाई फर्केर हेर्दा तीन वटा योजनामा मात्र लक्ष्यभन्दा बढी आर्थिक वृद्धि दर भएको देखिन्छ । छैटौँ योजनाले ४.३ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएकोमा ४.४ प्रतिशत र सातौँ योजनाले ४.५ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएकोमा ४.९ प्रतिशत हासिल गरेको थियो । पछिल्लो चौधौ त्रिवर्षीय योजनाले ७.२ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएकोमा ७.४ प्रतिशत हासिल भएको थियो । २०७२ को महाभूकम्पपछिको पुनर्निर्माणले गर्दा उक्त आर्थिक वृद्धिदर हासिल भएको हो । त्योबाहेक १० वटा आवधिक योजनाले लक्ष्य अनुरूप आर्थिक वृद्धि हासिल गर्न सकेनन् । पहिलो र दोस्रो योजनाको यससम्बन्धी तथ्याङ्क उपलब्ध भएको पाइँदैन ।

विसं २०१३ को तुलनामा आर्थिक विकासको सबै सूचकमा नेपाल अगाडि बढेको छ । पहिलो योजना सुरु हुँदा नेपालको ९८ प्रतिशतभन्दा बढी राष्ट्रिय उत्पादन कृषि क्षेत्रको मात्रै थियो । त्यतिखेर पाँच किमी मात्र पक्की सडक थियो, साक्षरता दर पाँच प्रतिशतभन्दा कम थियो । ५०० किवा मात्र विद्युत् उत्पादन थियो । औसत आयु करिब ३६ वर्ष मात्र थियो । यी सूचकमा हाल उल्लेख्य सुधार भएको छ । यसमा पक्कै पनि योजनाले सकारात्मक भूमिका खेलेका छन् । अझै एक चौथाइ जनसंख्या असाक्षर छन्, अझै सबै ठाउँमा बिजुली, खानेपानी पुगेको छैन । औसत आयु विकसित देशको तुलनामा धेरै कम छ ।

**योजना असफलताका कारण**

नेपालमा विकासको गतिमा अगाडि बढे पनि छिमेकी देशको तुलनामा कमजोर रहनुका केही कारण देहाय अनुसार लिन सकिन्छ ।

भूपरिवेष्टिता :यसले गर्दा नेपालले विकासका थुप्रै कठिनाइ भोगिरहेको छ । खास गरी समुद्रसँगको पहुँच नरहेकाले नेपालको वैदेशिक व्यापार महँगो पर्ने गरेको छ । त्यसमा पनि निर्यात गर्न अझ महँगो पर्ने गरेको छ । पछिल्लो समय तीव्र आर्थिक वृद्धि दर हासिल गरेका देशले खास गरी निर्यात बढाएर नै आर्थिक वृद्धिदर बढाउन सफल भएका हुन् । नेपालको निर्यात भने सदैव कमजोर छ । ठुला जनसंख्या भएका छिमेकी देशले ठुलो स्तरमा कम लागतमा उत्पादन गर्ने गरेकाले यी देशको उत्पादनँसँग प्रतिस्पर्धा गर्न गाह्रो छ । त्यसमा पनि भारतले नेपालको निर्यातमा विभिन्न कर एवं गैरकर व्यवधान लगाउने गरेको छ । नेपालको निर्यात कमजोर तर आयात उल्लेख्य छ

भौगोलिक विकटता : नेपालको ८३ प्रतिशत भूभाग हिमाल र पहाड रहेको छ जहाँ भौतिक पूर्वाधारको निर्माण महँगो र कठिन छ । यस्तो स्थानमा उत्पादन र यातायात लागत उच्च रहने गरेको छ । समथर भूभाग कम छ । उतरतर्फको भौगोलिक विकटताले गर्दा नै चीनसँगको वैदेशिक व्यापारको अंश भारतको भन्दा धेरै कम छ । जलवायु परिवर्तनसँगै बर्सेनि पहाडी भूभागमा जाने बाढी पहिरोले भौतिक पूर्वाधारलाई नोक्सानी पुऱ्याउने गरेको छ । यसले गर्दा पनि आर्थिक वृद्धिदर बढाउन सहज छैन ।

कमजोर सुरुवाती अवस्था : योजनाबद्ध विकासको सुरुवात गर्दा कमजोर अवस्थाले गर्दा पनि विकासको दर कम भयो । नेपाल कसैको उपनिवेश नभई सदैव स्वतन्त्र राष्ट्रका रूपमा रह्यो । माथि तुलना गरिएका छिमेकी देशमध्ये चीन र दक्षिण कोरिया जापानको र भारत बेलायतको उपनिवेशको रूपमा रहेका थिए । उपनिवेश गराउने देशले विभिन्न किसिमले आर्थिक शोषण गरे पनि भौतिक पूर्वाधार र आर्थिक उत्पादनको सन्दर्भमा यी देशमा केही आधारशिला निर्माण गरेका थिए । शासन र प्रशासन चलाउने प्रणालीको व्यवस्था गरेका थिए । शिक्षा, स्वास्थ्य र औद्योगिक उत्पादनको आधार बनाएका थिए । देश स्वतन्त्र हुन आर्थिक रूपमा पनि स्वतन्त्र हुनु पर्छ भन्ने मान्यताले स्वतन्त्रता पछि गर या मरको लक्ष्य लिएर आर्थिक विकासमा लागेको देखिन्छ । यस किसिमको भावना औपनिवेशिकता अनुभव नगरेको नेपालमा बढ्न सकेन । यसले गर्दा पनि योजनाको कार्यान्वयन प्रभावकारी हुन सकेन ।

राजनीतिक अस्थिरता : योजनाबद्ध विकास सुरु गरेपछि राजाको प्रत्यक्ष शासन रहेको पञ्चायत कालमा केही राजनीतिक स्थिरता थियो । त्यतिखेर विकासका आधारभूत काम सुरु भएको पनि देखिन्छ । केही कलकारखाना स्थापना, ठुला राजमार्ग निर्माण सुरुवात, शिक्षा र स्वास्थ्य सेवा विस्तार भएको देखिन्छ । कार्यगत क्षमताको अभाव, भौगोलिक कठिनाइ, र पर्याप्त वित्तीय साधनको अभावमा त्यो समयमा आर्थिक वृद्धिले त्यति गति लिएन । पञ्चायतपछिको बहुदलीय व्यवस्थाको सुरुवातसँगै उदारीकरण, बजार र निजी क्षेत्रको विकासलाई प्राथमिकतामा राखियो । राजनीतिक अस्थिरताको सुरुवात भयो । कुनै पनि निर्वाचित सरकारले पाँच वर्षको पूर्ण काल सम्पन्न गरेको पाइँदैन । २०५२ सालदेखि एक दशक लामो सशस्त्र द्वन्द्वबाट देश गुर्जियो । सशस्त्र द्वन्द्वपछि शान्ति प्रक्रियासँगै सङ्घीय गणतान्त्रिक देश भए पनि राजनीतिक स्थिरता कायम हुन सकेको छैन । छिटो छिटो सरकार परिवर्तन हुने, त्यो सँगै कर्मचारी सयन्त्रमा परिवर्तन हुने गरेको छ । यसले गर्दा विशिष्टीकरण र क्षमता विकास हुन सकेको छैन । राजनीतिक अस्थिरतासँगै उच्च राजनीतीकरणले गर्दा सरकारी संस्थान, संस्थाहरू र समग्र सरकारी सयन्त्र कमजोर भएको अवस्था छ । यसले गर्दा बजेट र योजना कार्यान्वयन कमजोर छ ।

कमजोर संस्थागत क्षमता : योजना तथा बजेट तर्जुमा र कार्यान्वयनको लागि दरिलो संस्थागत संरचना र क्षमता चाहिन्छ । नेपालको सन्दर्भ संस्थाहरूको संस्थागत क्षमता कमजोर रहेको छ । छिटो छिटो भइरहने सरुवाले गर्दा सरकारी कर्मचारीमा विशिष्टता र संस्थागत सम्झनाको कमी छ । पर्याप्त तलब सुविधा नहुँदा काम प्रति उत्प्रेरणा कमजोर रहेको छ । दण्ड र सजायको उपयुक्त व्यवस्था नहुँदा सरकारी संयन्त्रले प्रभावकारी काम गर्न सकेको पाइँदैन । सही मान्छे सही ठाँउमा भन्दा पनि पछिल्लो समय राजनीतिक आस्थाका आधारमा छनोट र पदस्थापन हुँदा कार्यसम्पादन स्तर कमजोर रहन गएको छ । मेरिटोक्रेसी नहुँदा धेरै क्षमतावान् युवा बिदेसिएको स्थिति छ । उपयुक्त जनशक्ति र संस्थागत क्षमताबिना बजेट र योजनाको कार्यान्वयन प्रभावकारी हुन सक्दैन ।

**अबको बाटो**

नेपालले समयमा नै योजनाबद्ध विकासको सुरुवात गरे पनि आर्थिक विकासको गतिले तीव्रता पाउन सकेन । हामीसँगै योजनाबद्ध विकास सुरु गरेका चीन, दक्षिण कोरिया र भारतभन्दा नेपाल आर्थिक विकासमा धेरै पछाडि परिरहेको छ । यस्तो स्थितिमा नेपालले कसरी आर्थिक वृद्धि हासिल गर्ने भन्ने विषयमा गहिरो बहस र विश्लेषण हुनु जरुरी छ ।

(क) भूपरिवेष्टित अवस्था र छिमेकी देशले दिने विभिन्न व्यवधानको अवस्थामा उत्पादनमूलक वस्तु उत्पादन गरेर निर्यातबाट धेरै फाइदा लिन सक्ने अवस्था कम रहेकाले सीमारहित ढङ्गले निर्यात गर्न सकिने सूचना प्रविधि सेवामा बढी ध्यान दिनुपर्ने आवश्यकता छ । यसका लागि चाहिने पूर्वाधार र जनशक्ति उत्पादनमा लाग्नु पर्छ ।

(ख) बढीभन्दा बढी पर्यटक नेपालमा भित्र्याउन सकिएमा आन्तरिक अर्थतन्त्र माग बढ्ने हुन्छ । तसर्थ, पर्यटक भित्र्याउने रणनीति अवलम्बन गर्नुपर्ने र यसका लागि चाहिने पूर्वाधार निर्माण गरिनु पर्छ ।

(ग) गैरआवासीय नेपालीको सञ्जाल विस्तार भएको सन्दर्भमा तिनीहरूको लगानी प्रवर्धन र स्वदेश आगमनलाई उत्प्रेरित गर्दै उनीहरूको सिप ज्ञानको सदुपयोग गर्नु पर्छ ।

(घ) योजनाहरू महत्वाकांक्षी नबनाई वास्तविकताको आधारमा बनाउनु जरुरी छ । राजनीतिक पहुँचको आधारमा भन्दा उच्च प्रतिफल दिने आयोजनाको छनोट र प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ ।

(ङ) उत्पादन लागत कम गरी आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यकता छ । निर्यात बढाउन नसके पनि आयात कम गर्न सकिएमा आन्तरिक उत्पादन र रोजगारी बढ्ने हुन्छ ।

(च) कार्य सम्पादन बढाउन संस्थागत क्षमता बढाउने, राजनीतिक अस्थिरताबिचमा पनि सुशासन र प्रशासनिक स्थिरता कायम गर्नु जरुरी छ । यसका लागि राजनीतिक पार्टीहरूबिच न्यूनतम समझदारी कायम गर्नु जरुरी छ ।

(छ) योजना आयोग जस्ता संस्थालाई पर्याप्त प्राविधिक जनशक्ति र स्वायतत्तासहित आयोजना र परियोजनाको विकास र कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने क्षमता बढाउनु पर्छ ।

(ज) छिटो छिटो राजनीतिक परिवर्तन भए पनि राजनीतिक स्थायित्व कायम हुने स्थिति छैन । सरकारमा जान चुनाव जित्नुपर्ने, चुनावका लागि ठुलो धनराशि खर्च गर्नुपर्ने, चुनाव जितेपछि गरेको खर्च उठाउनुपर्ने दबाबले अपेक्षित ढङ्गले सुशासन कायम हुन नसकेको र भ्रष्टाचारका गतिविधि हुने गरेको पाइन्छ । यसले गर्दा सीमित वित्तीय साधनको कुशल विनियोजन र सही ढङ्गले पूर्वाधार निर्माण हुन सकेको छैन । यसमा सुधार गर्नुपर्ने आवश्यकता छ ।

(झ) मानवीय पुँजी निर्माणलाई जोड दिनु आवश्यक छ । मेरिटोक्रेसी कायम गरिनु पर्छ । भौतिक निर्माण, त्यसमा पनि जथाभाबी सडक निर्माणको कामलाई रोकेर उत्पादन प्रोत्साहन गर्ने गरी भौतिक पूर्वाधार निर्माण हुनु जरुरी छ ।








# कर्मठ जनशक्ति युवा



गंगाराज अर्याल



सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने सिलसिलामा मुलुक/समाजका युवा साहसी, उत्पादनशील, सिकाइमा अब्बल र राष्ट्रनिर्माणका प्रमुख स्रोत मानिन्छन् । युवा जनशक्ति देशको राजनीतिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण/परिवर्तनको संयोजक एवं राष्ट्रको अमूल्य सम्पत्ति हो । प्रायः सक्रिय, शिक्षित तथा कर्मठ जनशक्तिको पर्याय युवा समूहले विश्व अर्थव्यवस्थामा बढ्दो दबाब राखेको हुन्छ । युवा कार्यरत मुलुकबाट पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रमा महत्वपूर्ण सघाउ पुगेको छ ।

भ्रष्टाचार निमिट्यान्न पारी सुशासन, आर्थिक समृद्धि र मातृभूमिको सुरक्षामा युवालाई जुटाउन सकिन्छ । वास्तवमा देशको बागडोर युवालाई सुम्पन सकेमा मात्र देश समृद्ध बन्न सक्छ । यसका लागि युवालाई बेलायत र युरोपमा बढी प्रयोगमा आएको उद्यमशील शिक्षा सिकाउन सकिन्छ, उद्यमशील शिक्षाले उद्यमशील संस्कृतिको सिर्जना गरी सम्भावित उद्यमीलाई पहिचान गर्न, उद्यमशील मानसिकता बढाउन र आत्मविश्वास बढाउन मद्दत पुऱ्याउँछ । फलस्वरूप युवाले स्वदेशमै उद्यमशील र औद्योगिक शिक्षा हासिल गरी देशको काँचुली फेर्न सघाउँछन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार पाँच जनामध्ये दुई युवाले काम पाइरहेका छैनन् । महत्वाकांक्षा बढी हुने, अभिभावकको प्रस्तावमा सहमत नहुने, घरपायक र रोजेको काम नपाउनाले गाउँबाट सहर, अनि विदेश रोज्ने अभ्यासले देश रित्तिएको छ । विकासोन्मुख देशमध्ये नेपालले सामना गर्नु परेको ठुलो चुनौती नै बेरोजगारी हो । विद्यालय तह (कक्षा ८ देखि) र विश्वविद्यालय तहसम्म उद्यमशील शिक्षा प्रणाली लागु गर्न सकिएको छैन । देशको ८० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा आधारित भए पनि जमिन बर्जर छ वा घरघडेरीका लागि टुक्र्याइएको छ तर कृषिमा परिचालन गर्न सकिएको छैन ।

सरकारले युवालाई प्रदत्त संवैधानिक अधिकारको अक्षरशः कार्यान्वयन व्यवस्था गर्नु पर्छ । युवा केन्द्रित ऐन, नीतिबमोजिम उनीहरूलाई शिक्षा, स्वास्थ्य, नेतृत्व विकास र रोजगारी तथा उद्यमशीलता, नीति निर्माण गर्दा सक्रिय सहभागी गराई निर्देशिका पालना गर्न सघाउनु पर्छ ।

युथ भिजन-२०२५ को उद्देश्य अनुसार युवाका अधिकार, चाहना र आवश्यकतामा आधारित जनशक्तिको प्रभावकारी व्यवस्थापन र अधिकारको सुनिश्चितता र दायित्वबोध, आमसमृद्धि, दिगो विकास र शान्ति, राष्ट्रिय एकता र सहअस्तित्व तथा अनुभव र तथ्यबाट सत्यको खोजी एवं सामाजिक न्याय र समानता, समावेशिता र विकास, संरक्षण र संवर्धन तथा सहभागिता र सहकार्यमा जोड दिनु पर्छ ।

सरकारले शिक्षामा सुधार गरी विद्यालय तह (कक्षा ८ देखि) र विश्व विद्यालय तहसम्म उद्यमशील शिक्षा प्रणाली लागु गर्नु पर्छ । माध्यमिक विद्यालयदेखि विश्वविद्यालयतहसम्मका युवा केन्द्रित प्रविधि अन्वेषण केन्द्र खोली विद्यार्थीलाई स्थानीय समुदायमा आधारित गतिविधिमार्फत दिगो विकास गर्न सघाउनु पर्छ । संख्यात्मकभन्दा गुणात्मक हिसाबले सरल र सहज तरिकाले ग्रामीण/सहरका युवा उद्यमीलाई उनीहरूको चाहनाबमोजिमको व्यवसायलाई लक्षित गरेर बिनाभेदभाव सक्दो सहुलियत कर्जा लगानी व्यवस्था गर्नु पर्छ ।

स्वदेशमै रोजगार कार्यक्रम सिर्जना गरी युवा जनशक्तिको ज्ञान, सिप र चाहनाबमोजिमको रोजगारमा परिचालन गर्ने व्यवस्था गर्नु पर्छ । यसका लागि अविलम्ब उद्यमशील विश्व विद्यालयको स्थापना गरी उद्यमशील शिक्षा प्रवर्धन गर्न भारत, चीन, बेलायत, जापान, कोरियालगायतका मुलुकमा जस्तै उद्यमशील शैक्षिक संस्थालाई परिचालन गरी स्वदेशमै उद्यमशीलसम्बन्धी पाठ्यक्रम तर्जुमा/लागु गराउनु पर्छ । देशको खेतीयोग्य जमिनलाई घरघडेरीमा परिणत गर्न कडाइका साथ रोक लगाउनु पर्छ । युवालाई बैङ्क तथा वित्तीय संस्थाबाट बिनाधितो सहुलियत ब्याजमा कर्जा प्रवाह गरी अन्नबाली र उद्यमशील व्यवसाय (कपास खेतीबाट उत्पादित व्यवसाय, सिपी खेती गरी मोती र यसका गहनाको व्यवसाय, केराको फाइबरबाट उत्पादित झोला, पर्दा, कागजका सामग्री, स्थानीय सामुदायिक सांस्कृतिक कपडा उत्पादन) जस्ता साना तथा मझौला उद्यम सुरु गर्न नवप्रवर्तन र प्रतिस्पर्धाको आधारमा युवालाई सुरु पुँजी उपलब्ध गराउनु पर्छ । उत्पादित वस्तुको बजारीकरणका लागि 'हाम्रै उत्पादन हाम्रै उपभोग' अभियान चलाई स्थानीयस्तरमै खपत गराउने र बाँकी रहेका उत्पादन विदेशतिर निर्यात व्यवस्था गरिनु पर्छ । यसका लागि मुलुकका विश्वविद्यालयलाई उद्यमशील विश्व विद्यालयमा रूपान्तरण गरी उद्यमसँगको सहकार्यमा शिक्षाको पाठ्यक्रम परिवर्तनदेखि भौतिक संरचना, दरबन्दी मिलान जस्ता पूर्वाधार स्थानीय तहमै विकास गर्नु पर्छ ।

दिगो विकास लक्ष्य हासिल गर्ने सिलसिलामा युवालाई परिचालन गर्न देशका नीति निर्माता, सामुदायिक नेता तथा युवाबिच बहस पैरवी तथा सहकार्यका लागि सहजीकरण गर्नु पर्छ । नेपालमा अध्ययन नहुने विषयमा मात्र विदेशमा पढ्न स्वीकृति दिनु पर्छ । देशका पुराना उद्योगलाई सञ्चालन गरी रोजगारी सिर्जना गर्नु पर्छ साथै वैदेशिक रोजगारीमा जान स्वीकृति दिने प्रक्रिया कडा बनाउनु पर्छ ।

# सलाम हमासः देऊ विपिन जोशीको सास



• वीरु दर्नाल

सन् २०२३ अक्टोबर ७ देखि कट्टरपन्थी इस्लामिक संगठन हमासको कब्जामा रहेको भनिएका नेपाली विद्यार्थी विपिन जोशीको अवस्था अझै अज्ञात नै छ । आजसम्म पनि उनको वास्तविक अवस्थाबारे कतैबाट आधिकारिक पुष्टि हुन सकेको छैन । दुई साताअघि विपिनकी आमा र बहिनी पुष्पा उनको रिहाईको अनुरोधका लागि इजरायल नै पुगेर पहल गरिरहेका छन् । सरकार र बिद्रोही पक्ष हमासले सुन्ने गरी रोईकराई , अनुनय बिनय , प्रार्थना आदि गरिरहेका छन् । फेरि पनि आजसम्म आधिकारिक पुष्टि अझै भएको छैन कि विपिनको बाँकी सास छ कि लास ।

यसैबीच विपिनकी आमाले सुनेकै भरको अंग्रेजी आदरार्थी शब्द प्लीज कि प्लीज भन्दै आफ्नो छोरो फर्काइदेऊ भन्दै हमासलाई बिन्ती पुकारिरहेकी छिन् भने पुष्पाले भने अंग्रेजीमा बिभिन्न संचारमाध्यम र धर्नाहरुमा उनकी एक मात्र दाजुको रिहाईको पहल गरिरहेकी छिन् । आजसम्म पनि विपिनबारे भ्रामक तथ्यहरु आइरहेका छन् । तिनमा अधिकांश विपिन जिउँदैछन् , विपिन छिट्टै घर फर्किदै , विपिनको अस्थिपन्जर र स्वास मात्र बाँकी रहेको फेक भिडियो आदि र विपिनको ज्यान संग्लो छैन भन्ने बिभिन्न हल्लाहरु सामाजिक संजालमार्फत आएका छन् । फेरि पनि विश्वभरिका नेपाली र अन्य शुभेच्छुकको एउटै प्रार्थना छ कि विपिन जिउँदै छन् र चाँडै रिहाई हुँदैछन् । यसैले त हामी भन्छौं - सलाम हसासः देऊ हामीलाई विपिनको सास ।

पछिल्लो समयको एक सरकारी श्रोतका अनुसार हमासले युद्धविराम गर्दैछ र त्यसमा केही बन्धक बनाइएका बन्दीहरुलाई इजरायलसँग लेनदेनको शर्तमा रिहाई गर्दैछ । जसले हाम्रा विपिन पनि पर्न सक्नेछन् र उनको घर फिर्ती चाँडै नै हुदैछ । नेपालकी परराष्ट्र मन्त्री डा.आरजु राणासंगको टेलिफोन वार्तामा कतारका विदेश राज्यमन्त्री डा. मोहम्मद विन अब्दुलाजिज अल खुलाईफी भन्छन् -पहिलो चरणमा केही बढी रिहाई गर्ने सूचना हमासले दिएको र यसैमा विपिन पर्न सक्छन् ,नभए पुनः दोस्रो रिहाईमा हुन सक्छ । कतार र इजिप्टले शान्तिवार्ताको मध्यस्थता गरिरहेका छन् । कतारको तर्फबाट अल खुलाईफी प्रमुख वार्ताकार एवम् मध्यस्थकर्ता भएको बुझिएको छ ।यस्तै बीबीसीले पनि यस्तै यस्तै संभावनाको संकेत गरेको छ । यसरी हेर्दा विपिनका आमा र बहिनी उनको रिहाई नजिक पुगेको संकेत पाउन सकिन्छ ।

अमेरिकालगायत अन्य धेरै देशका नागरिक हमासको कब्जामा रहेको बुझिएको छ । अमेरिकन परिवारहरु पनि कयौं पटक इजरायल पुगेर आफ्नो सदस्यको सकुशल रिहाईको निम्ति पहल गरिरहेका छन् । यस्तैमा बिभिन्न देशका परिवारका ४७ जना सदस्यहरु प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको घरतर्फको बाटोमा धर्नामा बसेका थिए । उनीहरु आक्रोशित थिए , चिच्याइरहेका थिए - हाम्रो प्रियजनहरु तुरुन्त फिर्ता ल्याऊ । यही भीड र रोदनबिच एक १६ वर्षीया बालिका आफ्नी आमासँगै त्यहाँ पुगिन् । उनी थिइन् पुष्पा अर्थात् पुष्पा जोशी ।





पुष्पा त्यो वृहत् भीडबिच ५ मिनेटसम्म निःशब्द मौन भएर बसिन् । त्यसपछि अचानक उठिन् , हातमा माइक्रोफोन समातिन् र शान्त स्वरमा बोल्न थालिन् - हामी आशा गरौं , हिम्मत नहारौं , एक अर्काको साथमा बसौं , पक्कै पनि एक दिन सबै फर्केर आउनेछन् । ती १६ वर्षकी किशोरीले भनौं ती सबै पीडित परिवारको अभिभावक भएर बोलिरहेकी थिइन् । आफ्ना दाजु फर्किने छ , पूर्ण विश्वास उनले बोकेकी थिइन् र त्यही विश्वास सबैलाई बाँडिरहेकी थिइन् । 'आशा नमार्नुहोस् , विश्वास गर्नुहोस् ।' उनको आवाजले चिच्याइरहेका , आँशु झारिरहेका परिवारहरुको मनमा फेरि आशाको ज्योति बालिदिइन् । उनले थपिन् 'आशा कहिल्यै नछोडौं , विश्वास कहिल्यै नटुटाऔं , सबैभन्दा ठुलो कुरा एक अर्कालाई कहिल्यै नत्यागौं किन कि हाम्रो एकता नै हाम्रो प्रियजनलाई फर्काउने बाटो हुनेछ ।' त्यसपछि पुष्पाले सहभागी तीन जनालाई अंगालो मारिन् । अनि सबैलाई धन्यबाद दिइन् । सबैले आँखाभरि आशीर्वादसहित उनलाई धन्यबाद फर्काए । त्यो क्षण उनी केवल किशोरी होइनन् , एउटी बहिनी मात्र पनि होइनन् , उनी स्वयम् युद्धभूमिको सैनिक सिपाही , योद्धा छोरी थिइन् । हो , यही उपाधि उनलाई उपयुक्त लाग्यो ।अब केवल प्रार्थना छ बाँकी ,सबै फर्किउन् । र , त्यो दिन आएपछि हामीले पुष्पासँग नेपालका पहाडहरुमा स्वच्छ आकाशमुनि आँशु होइन , हाँसो बोकेको यात्रामा निस्किन सकौं । यूकेका नागरिक जोस लसनले यो माथिको भनाई उल्लेख गरेका हुन् पुष्पाकाबारे जो स्वयम् त्यस धर्नामा उपस्थित थिए । उनी इजरायलमा रहेर सामाजिक क्रियाकलापमा संलग्न छन् ।

अब के होला त ?

अपहरणमा परेका आफ्ना सदस्यको रिहाईका निम्ति नेपाली परिवारका सदस्य मात्रै इजरायल पुगेको , पठाइएको वा लगिएको भन्ने कुरा भने भ्रम रहेछ भन्ने माथिबाटै पनि बुझियो । नेपालबाट पहिलो पटक यस्तो भएकोले अलिक अनौठो देखिएको मात्र हो । राज्य लाग्नुपर्नेमा पारिवारिक सदस्य स्वयम् गुहार माग्न जानु पर्ने जस्ता अब्यवहारिक लाग्ने कुरा आए , सरकारको आलोचना भयो नै ।तर अमेरिकालगायत अन्य देशका नागरिक पनि आफ्नो परिवारको सदस्यको छिटो रिहाईको निम्ति उता पुगेको थुप्रै रहेछन् । नेपाली नागरिकको केही दोष नभएकोले गर्दा विपिनका आमा र बहिनीले गरेको बिन्ती अनुनय बिनय र अन्तर्राष्ट्रिय मिडियाको प्रेसरको कारण बिद्रोही हमासको मन पग्लिन सक्छ र विपिनको सकुशल रिहाई हुन सक्छ भन्ने अनुमान लगाउन सकिन्छ र प्रार्थना पनि यही छ । विपिनलाई बहादुर र हिरो भनेर इजरायली प्रधानमन्त्रीले भनेका छन् भने विपिनका आमा पद्मा र बहिनी पुष्पालाई इजरायली सरकारले दिनुसम्म साथ र सम्मान अनि थप ऊर्जा दिएको छ । हाम्रो श्रोत र साधन अनुसार हमासलाई तर्साएर होईन फकाएर , आमा बहिनीको रोदन देखाएर मन पगालेर विपिनको रिहाईको पहललाई सफल पार्न सकिन्छ भन्नेमा हामी विश्वस्त रहन सकौं ।

# विद्यालय शिक्षा विधेयक पारित



झापा(प्रस) । विद्यालय शिक्षा विधेयक संसदीय समितिबाट पारित भएको छ । बिहीबार प्रतिनिधिसभा अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि समितिको बैठकले विधेयक पारित गरेको हो ।

माओवादी केन्द्रसहित तीन दलको फरक मतकाबीच शिक्षा विधेयक संसदीय समितिबाट पारित भएको हो । माओवादी केन्द्रसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले फरक मत पेश गरेको हो । माओवादी केन्द्रका सांसद देवेन्द पौडेल, रेखा शर्मा, ज्ञानु बस्नेत, महिन्द्रराय यादवले फरक मत राखेका छन् भने रास्वपाका सांसद सुमना श्रेष्ठ र राप्रपाका सांसद बिना जैसवालले फरक मत राखेका हुन् । विधेयकमा लामो समयदेखि विवाद हुँदै आएको आवासीय विद्यालयमा छात्रवृतिको विषय पनि टुंगो लगाएको छ । जसमा सरकारले साढे २ प्रतिशत छात्रवृति प्रस्ताव गरेकोमा ३ प्रतिशतमा सहमति भएको छ । बिहीबार पारित विधेयक आगामी प्रतिनिधि सभा बैठकमा पेश गर्ने समितिका सभापति अम्मरबहादुर थापाले जानकारी दिए । उनका अनुसार उक्त विधेयक समितिमा करिव ९ महिना अघि २०८१ मंसिरमा आएको थियो । शिक्षा विधेयकका केही प्रावधानलाई लिएर निजी विद्यालय सञ्चालकहरूले बिहीवारबाट आन्दोलन समेत थालेका छन् । पारित भएको विधेयक अब बस्ने संसद् बैठकमा पेश हुनेछ ।

# भूमि सम्बन्धी विधेयक संसदीय समितिबाट पारित

झापा(प्रस) । प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरेको छ।



बिहीबार सिंहदरबारमा बसेको बैठकले बहुमतका आधारमा उक्त विधेयकलाई पारित गरेको हो। बैठकमा माओवादी र रास्वपा सांसदहरूले विधेयकमाथि थप छलफलको आवश्यकता रहेको जनाएका थिए। तर सत्तारुढ दलका सांसदहरूले विधेयकमाथि लामो समय छलफल भएकाले पारित नै गर्नुपर्ने धारणा राखेका थिए। पारित भएपछि सत्तारुढ दलका सांसदहरूले विधेयकमा हस्ताक्षर गरेका छन् भने माओवादी र रास्वपा सांसदहरूले भने हस्ताक्षर नगरी बाहिरिएका थिए। समिति सभापति कुशुमदेवी थापाले आफ्ना असहमतिका बुँदालाई समावेश गरेर विधेयकमा हस्ताक्षर गर्न आग्रह गरेकी थिइन्।

# दशनामी समाजको तीज मिलन कार्यक्रम



झापा(प्रस) । नेपाल दशनामी समाज बिर्तामोड नगरको तीज मिलन कार्यक्रम सम्पन्न भएको छ । समाजले बिर्तामोड-२ चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसर पारेर बिभिन्न मनोरञ्जनात्मक कार्यक्रम गरेर मनाएको हो । समाजकी झापा महिला अध्यक्ष तथा तीज मिलन कार्यक्रमकी संयोजक पार्वता गिरीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका केन्द्रीय अध्यक्ष गोविन्दबिक्रम गिरीको प्रमुख आतिथ्य तथा केन्द्रीय संरक्षक भरतलाल गिरीको बिशिष्ठ आतिथ्य रहेको थियो ।

स्वागतसहित कार्यक्रमको औचित्यमाथि बिर्तामोड नगर अध्यक्ष खड्गराज गिरीले प्रकाश पारेको कार्यक्रममा प्रमुख अतिथि गोबिन्दबिक्रम गिरी, विशिष्ठ अतिथि भरतलाल गिरी, समाजका केन्द्रीय सदस्य एलबी गिरी, कोशी प्रदेश सल्लाहकार संयोजक चन्द्रप्रसाद गिरी, कोशी प्रदेश अध्यक्ष पदमबहादुर पुरी (प्रकाश), झापा अध्यक्ष केदार गिरी, झापा सचिव युवराज गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड नगर समितिले समाजका केन्द्रीय सल्लाहकार, झापा कोषाध्यक्ष तथा बिर्तामोड नगर सल्लाहकार बालकृष्ण गिरीलाई तीज मिलन समारोहका अवसर पारेर सम्मान गरेको छ । बालकृष्णले समाजको गतिविधिमा सक्रिय भूमिका निर्वाह गर्दै समाजका कुनै पनि कार्यक्रमका लागि कार्यक्रम हल निःशुल्क उपलब्ध गराएको भन्दै दोसल्ला ओढाएर सम्मानपत्रले सम्मान गरिएको हो । सम्मानपत्र बिर्तामोड नगर बरिष्ठ उपाध्यक्ष खेमराज गिरीले बाचन गरेका थिए ।

सोही कार्यक्रमकाबिच बिर्तामोड नगरले स्थापना गरेको अक्षयकोष व्यवस्थापन समितिको आगामी योजनाका बिषयमा कोषका संयोजक अर्जुन गिरीले जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन समाजका नगर सचिव प्रजित पुरीले गरेका थिए । कार्यक्रममा उपस्थिति दशनामी चेलीबेटीहरुकाबिच समूह नृत्य प्रतियोगिता आयोजना गरेर पहिलो, दोस्रो र तेस्रो हुने समूहलाई नगदसहित ट्रफीले सम्मान तथा पुरस्कृत गरिएको थियो । प्रतियोगितामा पाँच वटा समूह सहभागी थिए । उत्कृष्ट नृत्य गर्ने बृद्धासहित अन्यलाई पनि नगदसहित सम्मान तथा पुरस्कृत गरिएको थियो । चेलीबेटीहरुले नाचगानसहित दर खाएर तीज कार्यक्रम भव्य रुपमा मनाएका थिए । कार्यक्रममा केन्द्रीय सह-कोषाध्यक्ष गोबिन्द गिरी, कोशी प्रदेश उपाध्यक्ष शारदा गिरी, कोशी प्रदेश सदस्य सीता भारती, समाजकी इलाम जिल्ला सदस्य राधिका भारती, बिर्तामोड नगर सल्लाहकार आशिष बन, अर्जुनधारा नगरपालिकाका इन्जिनियर प्रदीप पुरी, क्षेत्रीय अध्यक्ष शिवलाल गिरीलगायतको आतिथ्य रहेको थियो ।

# सहारा नेपालका कर्मचारीलाई अभद्र व्यवहार गर्ने दुई महिला पक्राउ

झापा(प्रस) । सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.का कर्मचारीलाई जुत्ताको माला लगाई अभद्र व्यवहार गरि फरार भएका दुई महिलालाई प्रहरीले पक्राउ गरेको छ । एक महिनाभन्दा बढी समयदेखि



बेपत्ता भएका उनीहरु बिहीवार राति पक्राउ परेका हुन् । मोरङ मिक्लाजुङ-२ बस्ने दुर्गामाया लिम्बू र माया मगरलाई प्रहरीले पक्राउ गरेको हो । अभद्र व्यवहारको कसुरमा शुक्रवार अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ ।

घटना भएको भोलिपल्ट इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी पर्नासाथ पक्राउ गर्न प्रहरी टोली खटाइएपनि उनीहरु फेला परेका थिएनन्। गत असार २९ गते दिउँसो करिव १ बजे सहारा नेपाल साकोसको मधुमल्ला सेवाकेन्द्र प्रमुख रमेश राई र कर्मचारी सुशिला लामिछानेलाई दुर्गामाया र मायाले दुर्व्यवहार गरेका थिए । कागजपत्र तयार गरी घरमै कर्जा नवीकरण गर्न बोलाएका ती महिलाहरुले सहारा नेपालका कर्मचारीलाई जुत्ताको माला लगाइदिएका थिए ।

साथै सेवाकेन्द्र प्रमुखलाई हातपात गरी भिडियो बनाई सामाजिक संजालमार्फत कर्मचारीको चरित्र हत्या गरेका थिए ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**

**फोनः ०२३-५४०४७८**

**मोः ९८५२६७७३५५**

**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

- **चन्द्रगढी, भद्रपुर** — लोकबहादुर कुँवर : ९८४२६८३९९६; द्रोण अधिकारी : ९८४२६२८७९१
- **दमक** — विष्णु सुब्बा : ९८५२६७०१३७; देविबहादुर बस्नेत : ९८१७९२४६२१
- **मेचीनगर** — चारआली : ९८४२७०३०१३; गोबिन्द घिमिरे : ९८१५९५०१५०
- **उर्लाबारी** — रुपेन्द्र शेर्मा : ९८४२०९२४०६; विराटनगर; क्रिएटिभ आईः ०२१-५२५६१०
- **इलाम, मंगलबारे** — रणवीर लिम्बू ९८१६९८४७५७
- **काकँरभिट्टा** — फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
- **झापा बजार** — बरत राजवंशी ९८१७०४९००१


## आजको राशिफल

- **मेष** — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर
- **वृष** — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
- **मिथुन** — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
- **कर्कट** — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
- **सिंह** — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
- **कन्या** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
- **तुला** — सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- **वृश्चिक** — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
- **धनु** — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
- **मकर** — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
- **कुम्भ** — कला र गसाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
- **मिन** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ